# स्थानीय सरकारको पहिलो कार्यकाल
## - उपलब्धी र चुनौतीहरु -

बसन्त राज गौतम
basant885@gmail.com

२०७९ वैशाख ६ गते

## प्रस्तुति खाका र सिमा

- स्थानीय सरकारबारे जनताले बुझेको कुरा, तथ्य तथ्याङ्कले देखाएका कुरा ।
- ससाना तर ठूलो प्रभाव दिने पक्षहरु उल्लेख ।
- सामाजिक अनुसन्धान तथा अवलोकनमा देखिएका प्रमुख बिसङ्गत सूचक र चुनौती ।
- प्रस्तुति अपरम्परागत छ तर प्राथमिक सूचना र जानकारीमा आधारीत छ ।
- सरकार द्वारा प्रस्तुत उपलब्धी पक्षसँग धेरै सहमत हुने अवस्था छैन ।
- प्रस्तुति कुनै स्थानीयतह/ हरुलाई लक्षित गरिएर तयार गरिएको होईन । प्रवृत्ति विश्लेषणका लागि उपलब्ध सूचना प्रयोग गरिएको हो । स्थानीय तहहरुको नाम विश्लेषणका सन्दर्भमा मात्र उल्लेख गरिएका हुन ।


कसरी बित्नुपर्ने हो स्थानीय सरकारको ५ वर्ष ?
पहीलो वर्ष
जनचाहना पूरागर्न आवश्यक नीति, कानून, कार्यविधि निर्माण र योजना, कार्ययोजना प्रस्तुत
दोस्रो वर्ष
सेवा प्रवाह र योजना कार्यान्वयन गति
तेस्रो वर्ष
सेवा प्रवाह र योजना कार्यान्वयन गति र मध्यावधी समीक्षा
चौथो वर्ष
सेवा प्रवाह र योजना कार्यान्वयन गति
पाँचौं वर्ष
जनचाहनाका क्यै छुटे कि ? फेरी मत माग्न जानुछ ।

# स्थानीय सरकारबारे जनताले जे बुझे !

- सिंहदरवार - गाउँगाउँमा । (अधिकार)
- सबैभन्दा बलियो जबाफदेह सरकार । (आफ्नो कानून आफै निर्माण)
- घर आङ्गनमा भेटिने सरकार । (सेवामा पहुँच)
- कम खर्चीलो सरकार । (मितव्ययी)
- सबै प्रकारका परीक्षणबाट गुज्रन तयार सरकार । (पारदर्शी र जवाफदेही)

# स्थानीय सरकारको सकारात्मक सुरुआत

- स्थानीय तहको पहिलो तीन चरणको निर्वाचनबाट ७४.१६ प्रतिशत मतदाताले मतदान गरी लैंगिक तथा समावेशी दृष्टिकोणले उदाहरणीय रुपमा ३५ हजार ४१ जना स्थानीय प्रतिनिधिहरूको छनौट ।
- विकास-निर्माणसहित हरेक क्षेत्रमा स्थानीय सरकारहरुबीच सकारात्मक प्रतिस्पर्धाको सुरुआत र आफ्नो क्षेत्रको विकास आफैं गर्नुपर्छ भन्ने भावनाको विकास ।
- स्थानीय सरकार सञ्चालनको पहिलो कार्यकालको पाँचौ तथा अन्तिम वर्ष सम्म आइपुग्दा स्थानीय तहहरुबाट जनताका प्राथमिकताका समस्या सम्बोधन र सार्वजनिक सेवा प्रवाह सम्बन्धी थुप्रै उत्साहप्रद, नौला र पाठयोग्य कामहरु सम्पन्न ।

# केही प्रतिनिधि उदाहरण

- बडीमालिका नगरपालिका बाजुरा, हीमा गाउँपालिका जुम्ला - शिक्षाको गुणस्तर र शिक्षक व्यवस्थापन
- जोरायल गाउँपालिका डोटी- अभिलेख व्यवस्थापन
- महाशिला गाउँपालिका पर्वत-'एक घर एक रोजगार कार्यक्रम'
- तिलाठी कोइलाडी गाउँपालिका सप्तरी- 'बालविवाहमुक्त गाउँपालिका' बनाउने प्रयास
- सूर्योदय नगरपालिका इलाम -पर्यटनलाई आर्थिक पक्षसँग जोड्न 'कन्यामक्षेत्र केन्द्रित पर्यटकीय उपक्रमहरु'
- कन्काइ नगरपालिका झापा- 'मजदुर हितकोष तथा वीमा कार्यक्रम'

# केही प्रतिनिधि उदाहरण

- राप्ती नगरपालिका चितवन - 'विभिन्न चरणमा १२ जना पदाधिकारीको हस्ताक्षरयुक्त प्रतिवेदन पश्चात मात्र भुक्तानी' हुने प्रणाली
- कर्णाली प्रदेशको रास्कोट नगरपालिका- 'श्रम बैङ्क‘

# होडबाजी

- उत्पादकमूलक क्षेत्र विस्तार, रोजगारी सिर्जना, आन्तरिक राजस्व वृद्धि, चुस्त बजेट निर्माण र खर्चलाई प्रभावकारी बनाउने तर्फ केही स्थानीय तहहरुबाट प्रशंसनीय काम सम्पन्न ।
- राज्यले स्थानीय तहलाई उपलब्ध गराइ आएको राजस्व बाँडफाँट, समानीकरण, सशर्त लगायतका अनुदान अनुत्पादक क्षेत्रमा लगानी गर्नेमा होडबाजी ।
- जनप्रतिनिधिहरुमा 'हामीले जे गर्दा पनि हुन्छ' भन्ने मानसिकताको विकास । कम खर्चीलो हुनुपर्ने स्थानीय सरकार जवाफदेही बिनाको भडकीलो सरकारी सुविधाको होडबाजीमा ।

# होडबाजी

- बजेट तथा कार्यक्रम कार्यान्वयनको दृष्टिकोणले यो आर्थिक वर्षको (०७८।७९) अन्त्यतिर विकासको कृत्रिम रफ्तार बढ्ने । चालु खर्चको सिमा सधैं नाघी आएको र पूँजीगत खर्च ७० प्रतिशतको हाराहारीमा रहेको भएपनि यो आर्थिक वर्षमा पूँजीगत खर्चले पनि राजनैतिक अभिष्ठ पूरागर्न छलाङ् लगाउने ।
- आर्थिक तथा आन्तरिक नियन्त्रण झन कमजोर हुँदै जाने र ठूलो परिमाणको रकम बेरुजुको रुपमा पछी आउने निर्वाचित पदाधिकारीको फर्छ्यौट दायित्वको रुपमा सर्ने ।

# १. स्थानीय कानून निर्माण

- संविधानको अनुसूची- ८ को अधिकारको क्षेत्रमा सबैजसो स्थानीय तहहरुले सबैप्रकारका गरी १५ देखि ४० वटासम्म स्थानीय कानूनहरु निर्माण गरी कानूनी शासनको प्रत्याभूति दिलाउन सफल ।
- तर कानून बनाउँदा विधायिकी प्रकृया पूरा गरी र नबाझिने गरी बनाउन नसकिएका कारण कतिपय कानूनहरु कार्यान्वयनमा लैजान कठिनाइ ।
- नमूना कानूनलाई अक्षरश: उतार्दा स्थानीय आवश्यकता र स्रोतबीच ठूलो बेमेल ।
- साझा अधिकारका क्षेत्रमा र दोहोरो जिम्मेवारीमा परेका क्षेत्रमा संघ तथा प्रदेशबाट बन्नुपर्ने कानून नबनेकोले समस्या ।
- साझा अधिकारका अनुसूची -९ मा उल्लिखित विषयमा अन्तर्निहित अधिकारको प्रयोगका लागि कानून बनाउन सङ्घ उदासिन । प्रदेश सरकार अन्यौलमा ।

## २. वित्तीय स्रोत व्यवस्थापन

- तत्कालिन स्थानीय निकायहरु स्थानीय तहमा पुनर्संरचना पश्चात वित्तीय स्रोतका हकमा सबल बन्दै गएका ।
- आ. व. ७६।७७ मा संघ र प्रदेशबाट हस्तान्तरण भएको अनुदान रू २ खर्ब ६६ अर्ब, संघ र प्रदेशसरकार राजस्व बाँडफाँटबाट रू ५४ अर्ब १५ करोड, आन्तरिक राजस्व आय रू ३० अर्ब ५३ करोड र पछिल्लो वर्षको मौज्दात रू ५० अर्ब ७९ करोड समेत रू ४ खर्ब १ अर्ब आय प्राप्त । स्रोत परिचालन गर्नसक्ने क्षमताका दृष्टिकोणले यो रकम उल्लेख्य ।
- तर सोही आ. व. मा ७५३ स्थानीय तहहरूमा खर्चहुन नसकी रू ८१ अर्ब ३५ करोड मौज्दात रहेको । वर्षेनीरहने मौज्दात घटाउने चुनौती एकातिर छ भने भएका खर्चको उपादेयतामा प्रशस्त प्रश्नहरु उठेका ।

# अनुत्पादक लगानीमा होडबाजी

- बाटोभरी छिर्दै नछिर्नुपर्ने गेट निर्माण । व्यक्तिगानका स्मारक । डाँडा थाप्लोमा भ्यू टावर
- दुग्ध उत्पादनको सरोकार नै नभएको "सुत्केरी भैंसी अनुदान र पाडापाडीको जन्मदर्ता"
- कृषि उत्पादकत्वको कुनै साइनो नभएको "मेयर सँग कृषक"
- डोजर अपरेटरको आँखागणीत निर्देशित घरघर पुग्ने धुले तथा सवारी चल्नुनपर्ने सडक निर्माण

# अनुत्पादक लगानीमा होडबाजी

- प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्दै लाभको निश्चित अंश सेवा वा वस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई वितरण गर्नु पर्ने भएपनि गरिएका प्रयास र कार्यक्रमहरुको प्रभाव समीक्षा योग्य हुन सकेन ।
- प्राकृतिक स्रोतको लाभको बाँडफाँटमा स्थानीय तहको मागलाई वेवास्ता गरिएको भनी स्थानीय तह प्रतिनिधित्व गर्ने संघहरुको गुनासो ।
- वित्तीय हस्तान्तरणलाई तथ्यमा आधारित कसरी बनाउने र राजस्व परिचालनलाई सुदृढ बनाउने काम चुनौति पूर्ण ।

## २. नीति योजना

- २०० वटा स्थानीय तहहरुमा दीर्घकालीन आवधिक योजना तयार तर संस्थागत संरचना नहुँदा विषयगत योजना तर्जुमा ओझेलमा ।
- वडागत बाँडफाँट सर्वस्वीकार प्रणाली बन्दै गएको ।
- बनेका केही स्थानीय आवधिक योजना र रणनीतिक योजनाहरुको विषयगत योजना र वार्षिक योजना सँगको सम्बन्धका बारेमा स्थानीय तहमा स्पष्टता नभएको ।
- तीनबटै तहका योजनाको परिभाषा र अन्तरसम्बन्धका विषयमा योजना दस्ताबेज तथा कानूनहरुमा स्पष्टता हुन नसकेको । सङ्घ, प्रदेश र स्थानीयतहको कार्य जिम्मेवारीमा पर्ने विकास आयोजनाको वर्गीकरण सम्बन्धी मापदण्डहरुको कार्यान्वन कुनै तहका सरकारबाट पनि न भएको । एउटै योजनामा तीनबटै तहका सरकारको लगानी भएको ।

## २. नीति योजना

- तीन तहका सरकारहरुबाट बजेट ल्याउने समयान्तर छोटो भएकाले होस वा स्थानीय तह र प्रदेशबीच साझेदारी, सहकार्य सम्बन्धी कानून निर्माण नभएकाले होस स्रोत अपव्यय न रोकिएको ।
- स्थानीय तहहरु योजना दस्ताबेज बनाउन तयार देखिएका तर राष्ट्रिय लक्ष र सूचकलाई अनुसरण गर्दा देखिएको जटिलताको कारणले तिन्को प्रयोग हुनसक्ने अबस्था नभएको ।

## ४. बजेट तथा कार्यक्रम तयारी

- योजना तथा कार्यक्रम र आयव्ययको अनुमान समयमै सभामा पेस गर्ने काममा उल्लेख्य सुधार ।
- क्रम पुन: भंग भइ आर्थिक वर्ष ०७६|७७ मा ७५३ स्थानीयतह मध्ये ६५१ ले मात्र वार्षिक बजेट तथा कार्यक्रम समयमै सभामा पेश गरेकोमा ०७७ आषाढ १० गतेभित्र ५५२ स्थानीय तहले मात्र बजेट पेस गरेका ।
- समयमै बजेट पेस तथा पारित नहुँदा भएको आम्दानी र खर्चले वैधता नपाउने र कर उठाउन अधिकार प्राप्त नहुने प्रावधानलाई स्थानीय तहहरुले हल्कारुपमा लिंदै आएको देखिएको ।

## ४. बजेट तथा कार्यक्रम तयारी

प्रमुख कारण –

- विषयगत योजना तर्जुमा पद्धतिबारे स्थानीय तह जानकार नहुनु,
- स्थानीय निकायले गरिआएको पद्धति नै अबलम्बन गरिनु ।
- विषयसमितिगत बजेट विनियोजन नभइ वडागत बाँडफाँट अबलम्बन हुनु,
- एकमुष्ठ रकम अबण्डामा राखि (आव ०७७|७८ मा १९३ स्थानीय तहमा रू ८ अर्ब ९ करोड) कार्यपालिकाको हालिमुहाली कायम राख्ने प्रवृत्ति उन्मुख हुनु,
- सहभागितात्मक पद्धतिबाट योजना छनौट नभइ कार्यपालिका कै दबदबामा स्रोत विनियोजन हुनु ।

## थप प्रयोजनका विषयक्षेत्र समिति

- विषयगत समितिहरुले वार्षिकरुपमा योजना तर्जुमाका बखत मात्र न्यूनतम रुपमा काम गरेको ।
- संयोजकहरु वडाध्यक्ष नै स्थापित गरिने प्रवृत्तिले गर्दा योजनाहरुमा संबेदनशील विषयहरु (अपाङ्ता, महिला उत्थान, दलित समुदाय उत्थान, बालमैत्री विकास, सामाजिक सुरक्षा आदि) समेटिन सकेनन ।
- कार्यपालिकामा भएको महिला तथा दलित प्रतिनिधित्व कानूनी औपारिकतामा सिमीत हुन पुग्यो ।
- स्थानीय तहका पदाधिकारीहरुले प्रदेशस्तरमा राजनैतिक सामिप्यताका आधारमा कार्यक्रमहरु भित्र्याउने गरेकाले कार्यपालिकामा अन्तरविरोधका विषय बन्ने गरेको ।
- राजनीतिक अनुग्रहमा कार्यकर्तालाई भाग पुर्याउन एउटै योजनामा अलग अलग नाम राखेर बजेट हालिनुमा स्थानीयतहमा आयोजनाहरूको सूची नभएकोले र योजना सम्भाब्यता, योजना कार्यान्वयन तालिका तयारी जस्ता पक्षमा ध्यान नदिएकै कारण ।

## ५. मध्यमकालीन खर्च संरचना र बजेट प्रक्षेपण

- बजेट अगावै स्थानीय तहहरुले मध्यमकालीन खर्च संरचनाको तयारी तथा कार्यान्वयनमा स्थानीय तह मात्र हैन सङ्घमा समेत कडाइ न भएको ।
- खर्च संरचनाले तीन वर्षको बजेटलाई प्रक्षेपण गर्दा उपलब्ध साधनस्रोतको आँकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा बाँडफाँट गर्ने हुनाले स्थानीय तहहरु स्रोतको पूर्व विनियोजन भइ आफु बाँधिने भयका कारण र स्रोतको प्रक्षेपण सम्बन्धी क्षमताले न भ्याउने कारण यो संरचना बनाउन उत्साहित न देखिएका ।
- राजश्व परामर्श समितिहरुबाट आगामी आर्थिक वर्षको लागि स्रोत साधन र राजस्वको अनुमान र राजश्व सम्बन्धी परामर्श तथा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट राजनैतिक खिचातानी र क्षमताकै कारण बजेट सीमा निर्धारण गरी विषयगतरुपमा उपलब्ध गराउने काम हुन नसकेको ।

## ६. कर्मचारी व्यवस्थापन

- स्थानीय तहमा करीब ६७ हजार दरबन्दी स्वीकृत भइ ७७।०३ सम्म निजामती सेवाबाट ३२ हजार २५० र अन्य सेवाबाट १३ समेत ४४ हजार ५०० जनाको समायोजन ।
- स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि सेवा करारबाट १७ हजार भन्दा बढी नियुक्त गरेर काम सुचारु गरेको ।
- कर्मचारी अभावमा स्थानीय तहको काम नराम्ररी प्रभावित
- प्रदेश लोकसेवा आयोगहरु कृयाशील भइनसकेको कारणबाट २५ हजारभन्दा कम जनसंख्या भएको ३३४ गाउँपालिका सबैभन्दा बढी प्रभावित ।

## ६. कर्मचारी व्यवस्थापन

- स्थानीय तहहरु आफ्नो अनुकल र स्थानीय मोह विशेषका कारण कर्मचारी राख्न नै 'पाँच लाखे ' (सार्वजनिक खरीद ऐन बमोजिम सोझै खरीद) सङ्गठन सर्वेक्षण प्रतिवेदन तयार गर्न गराउन उद्दत ।
- प्रदेश लोक सेवा आयोगहरुबाट स्थानीय तहमा गरिएका नियुक्ति पदपूर्तिहरुबारे कुनै ठोस निर्देशन जान नसकेको । प्रमुख प्रशासकीय अधिकृत हरुको सरुवा छोटो समयमा नै हुने गरेको कारणले अस्थिरता बढेको ।
- ३० वटा गाउँ तथा नगरपालिकाबाट* सङ्कलन गरिएको तथ्याङ्कले कर्मचारीको आवश्यकता पूर्तिगर्न स्थानीय तहहरुले रिक्त दरबन्दीको ७० प्रतिशत जति कर्मचारी करारमा राखेको देखाएको ।

## ७. आर्थिक सामाजिक उपलब्धी तथा सार्वजनिक निर्माण

- आफ्नो अधिकारक्षेधका विषयहरुमा सार्वजनिक निर्माण तथा सामाजिक पूर्वाधार निर्माणमा उल्लेख्य कामहरु सम्पन्न ।
- कृषि, पर्यटन, वन तथा वातावरण, निर्माण नर्सरी/बिउ उत्पादन, इन्जिनियरिङ, पशुपालन (कुखुरा, माछा, पशु, बाख्रापालन), घरेलु उत्पादन, बालीविज्ञान, फर्निचर उद्‌यम, निर्माण व्यवसाय, अटोमोबाइल, मौरीपालन, च्याउ खेतीलगायतका कार्यक्रमहरुबाट स्थानीय अर्थतन्त्रमा सकारात्मक योगदान ।
- आधारभूत स्वास्थ्य तथा शिक्षाका लागि पूर्वाधारहरु निर्माण ।

## ७. आर्थिक सामाजिक उपलब्धी तथा सार्वजनिक निर्माण

- सिमान्तकृत समुदायहरुको पहिचानसहित संरक्षणको कार्यक्रम सञ्चालन । सानो रकम र परिमाणमा सामाजिक सुरक्षाका नौला स्कीमहरु प्रतिपादन
- सडक कालोपत्रे गर्ने, सडक स्तरोन्नति तथा स्तरीकरण गर्ने, सडक पुल तथा झोलुङ्गे पुल निर्माण, स्मार्ट सिटीको, भूकम्प प्रभावित क्षेत्रमा पून-निर्माण, केन्द्रीय बस टर्मिनल निर्माण र पर्यटन पूर्वाधार आदि प्रमुख उपलब्धी ।
- आपतकालीन कार्य सञ्चालन केन्द्र विपद् व्यवस्थापन कोष स्थापना र सञ्चालन, सामुदायिक वन, निजी वन र बृक्षारोपणलाई प्रोत्साहन, फोहोर मैला संकलन, व्यवस्थापनमा सुधार, नयाँ प्रविधिको प्रयोग आदिबाट स्थानीय सरकारको अनभुति दिलाउन सफल ।

# फरक तस्बीर पनि

- करीब ४०० स्थानीय तहले ८८ हजार २२१ योजना सञ्चालन गर्दा रू ५ लाखभन्दा माथीका योजनाको संख्या ३० प्रतिशत मात्र (आव ०७६।७७)।
- स्थानीय तहले साना टुक्रे योजनाको संख्या घटाउन ठूलो चुनौतीको समाना गरिरहेको ।
- सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने योजनाहरू तर्जुमा गर्ने काम चुनौतीपूर्ण । योजना कार्य सम्पन्न हनु नसकी आगामी वर्षलाई जिम्मेवारी सरेका योजनाहरुलाई आवश्यक बजेट व्यवस्था गरी अधुरा योजना सम्पन्न गर्नु राजनैतिक दृष्टिकोणले समेत कठीन ।

## फरक तस्बीर पनि

- डोजर सँस्कृतिको विकासका लागि बनाइएका "सामाजिक ग्रामीण" र सेटलाइट तस्बीरमा दुबै छेउ कतै नजोडिने भुँइफुट्टा धर्को देखिने तस्बीरका यी सडकहरु आगामी कार्यकालका लागि ननिल्नु न ओक्लनु ।
- भवन निर्माण इजाजतलाई पुराना नगरपालिकाहरुले निरन्तरता दिए पनि नयाँ गठीतहरुले यस दिशामा प्रारम्भिक कार्य समेत गरेको नदेखिएको ।
- राष्ट्रिय भवन संहिता, सडक सीमा, भू- वर्गीकरण, व्यवस्थित आवास, उत्थानशील विकास जस्ता प्राविधिक वियषयहरु "भोट डर" का कारण कार्यान्वयनमा गएको देखिएन । गाउँपालिकाहरु यी जटील प्राविधिक विषयहरुमा प्रवेश नै गर्न चाहेनन। निर्वाचित जनप्रतिनिधिहरुको आफ्नै संलग्नताका कारण जथाभावी जग्गा प्लटिङ स्वीकृति भइ जग्गा व्यवसाय संस्थागत भएको ।

# ८. क्षमता विकास

- स्थानीय सरकारको स्वरुप र व्यवस्थापन सम्बन्धमा सबै प्रकारका र प्राविधिक पक्षहरु समेत समेटिएका कम्तीमा २० प्रकारका क्षमता विकास सम्बन्धी तालिम अभिमुखीकरणहरु विभिन्न मन्त्रालय र विकास साझेदारहरुबाट सम्पन्न ।
- अभिमुखीकरणहरु स्थानीय तहको योजना छनौट, सहभागितात्मक प्रक्रिया, वार्षिक वजेट कार्यान्वयन, वित्त व्यवस्थापन, अनुगमन प्रणाली, वडा समितिका काम, कर्तव्य र अधिकार, सामाजिक परिचालन जस्ता विषयहरुमा ब्यवहारिक ज्ञान दिन चुकेको ।
- क्षमता विकासलाई तालिम र गोष्ठीको विषय बनाइ तालिम पुस्तिका, स्रोत पुस्तिका, हाते म्यानुअलहरुको पुनर्आविष्कार मात्र गरिएको देखिएको ।

# ८. क्षमता विकास

- 'पाँच लाखे ' क्षमता विकास कार्यक्रमहरुले स्थानीय तहको संस्थागत सृदृढीकरण गर्नुको सट्टा जनप्रतिनिधि उपर विज्ञ तथा सल्लाहकारहरु हावी हुँदै जाँदा सूचना सम्बद्ध संस्थागत प्रणाली नै धराशायी हुने अवस्थामा पुगेको । ।(आव ७६।७७ मा ४४७ स्थानीय तहले रू १ अर्ब ३९ करोड १४ लाखको कार्य बाह्य परामर्शदाताबाट गराएको)

- क्षमता विकासका लागि खडा भएका प्रदेशस्तरका प्रतिष्ठानहरु कर्मकाण्डी दस्तावेज तयारी र तालिम सञ्चालमा व्यस्त रहेको ।

## ९. आन्तरिक नियन्त्रण र सार्वजनिक खरिद तथा पारदर्शिता

- खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नु पर्ने कानूनी प्रावधान विपरीत मालसामान, निर्माण कार्य वा सेवा खरिद स्पेसिफिकेशन, योजना, नक्शा, डिजाइन, विशेष आवश्यकता वा विस्तृत परियोजना प्रतिवेदन तयार नगरी सार्वजनिक खरिद गरेका थुप्रै बेथीति महालेखा परीक्षकको प्रतिवेदनहरुले औंल्याएको ।
- ऐनको प्रावधानको उचित कार्यान्वयन नहुँदा डोजर सँस्कृति बढेको, नक्कली उपभोक्ता समिति खडा भएको र समितिहरु ठेकेदारबाट सञ्चालित भएको विषय पुरानै ।
- प्रतिस्पर्धा सिमीत हुनेगरी सोझै खरिद गर्ने अपारदर्शी आर्थिक व्यवहारका कारण विकास 'राजनैतिक अभिष्ट' पूरा गर्ने खर्चिलो साधन भएको र सोही कारणबाट आन्तरिक नियन्त्रण गुम्दै गएको ।

## ९. आन्तरिक नियन्त्रण र सार्वजनिक खरिद तथा पारदर्शिता

- पालिकाका वडासदस्य देखि अध्यक्ष/ प्रमुख सम्म भ्रष्टाचारमा मुछिएका र अख्तियार दुरुपयोग अनुसन्धान आगको कारवाहीमा पर्ने गरेका उदाहरण सामान्य ।
- सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाउन आयव्ययको विवरण, वित्तीय प्रतिवेदन, चौमासिक प्रगति, बजेट सार्वजनिक, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता औजारहरुको प्रयोग बिगतमा झैं औपचारिकता पूरागर्ने खालका भएका ।
- आव ०७५।७६मा लेखापरीक्षण सम्पन्न ७४३ स्थानीय तहको कुल बेरुजू रू ६९ अर्ब ८१ करोड रहेकोमा आव ०७६।७७ मा समायोजन तथा सम्परीक्षणबाट रू ८ अर्ब २१ करोड फस्यौट भई बाँकी रहेको रू ६१ अर्ब ६० करोड र आव ०७६।७७ मा ६९४ स्थानीय तहको रू ४० अर्ब ४३करोड गरी रु १ खर्ब २ अर्ब बेरुज फस्यौट गर्न बाँकी ।

## १०. न्यायिक समिति

- उपाध्यक्ष/ उपप्रमुखले संयोजन गरेका दुइ प्रमुख समितिहरु मध्ये न्यायिक समितले जनस्तरमा न्याय सम्पादनमा स्थानीय प्रतिनिधिहरुको अब्बल क्षमता प्रदर्शन गर्न सफल ।
- न्यायिक समितिहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विवाद निरुपण सम्बन्धी कार्यहरु आशातितरुपमा गर्न नसक्नुमा समितिमातथापी न्यायिक समितिहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विवाद निरुपण सम्बन्धी कार्यहरु आशातितरुपमा गर्न समितिमा सभाबाट निर्वाचित हुने दुई कार्यपालिमा सदस्यहरुमा वडाअध्यक्ष नै निर्वाचित गर्ने प्रवृत्तिका बाधक रहयो ।
- न्यायिक निरुपण पनि बहुमतकै आधारमा हुने हुँदा प्रमुख/ अध्यक्षबाट प्रभावित भएका सदस्यहरुको प्रत्यक्ष भूमिका देखियो ।
- समितिका सदस्यहरु विवाद निरुपण भन्दा पनि न्याय सम्पादनका अदालति प्रकृया र कार्यविधि प्रति बढी झुकाव

## ११. स्थानीय सरकारको स्वमूल्याङ्कन र दिगो विकास लक्ष्य स्थानीयकरण

- स्थानीय तहहरुमा स्थानीयस्तरको समग्र कार्यसम्पादनको लेखाजोखा सहितको स्वमूल्याङ्कन सम्बन्धी औजार स्थापित ।
- स्वमूल्याङ्कनका प्रमुख विषयक्षेत्र र सूचक स्वमूल्याङ्ङ्कनबाट जनप्रतिनिधिहरु स्वयं अनुशासित र जवाफदेह हुँदै गएको ।
- तर यस्तो मूल्याङ्कनमा पनि कागजी प्रकृयाले कतिपय विषयहरुमा प्रवेश पाउँदा विगतको "न्यूनतम शर्त तथा कार्य सम्पादन" भन्दा फरक देखिने कठीन भएको ।
- स्थानीय तहका सरकारले आफ्नो परिवेश अनुसार दिगो विकास लक्ष्यलाई अंगीकार गरी कार्यान्वयन गर्न पुँजीगत लगानी गर्नसक्ने अबस्थामा देखिएन ।

# ११. स्थानीय सरकारको स्वमूल्याङ्कन र दिगो विकास लक्ष्य स्थानीयकरण

- स्थानीय तहको सबैभन्दा कमजोर पक्ष प्रगति अभिलेखीकरण, तथ्याङ्क अद्यावधिक, अनुगमन व्यवस्थापन । कुल बजेटको ०.२ प्रतिशत भन्दा तल बजेट विनियोजन ।
- नियमित, वार्षिकरुपमा र कार्यपालिकाको निर्णय अनुसार स्थानीय तहका विभन्न समिति तथा पदाधिकारीहरुले कार्यपालिका, सभा, प्रदेश सरकार र संघीय मन्त्रालयहरुमा गर्नुपर्ने प्रतिवेदनहरु समयमा नहुने

# प्रस्तुतिको आशय

- स्थानीय तहहरुबाट भए गरेका काम कारवाहीको कमजोरी प्रदर्शन गर्नुभन्दा पनि प्रत्यक्ष मत दिएर स्थानीय शासनको जिम्मेवारी सुम्पिएका नागरिकले आफ्ना प्रतिनिधिलाई जवाफदेह बनाउन गर्नुपर्ने प्रश्न र आगामी निर्वाचनमा दिने अभिमत छनौट लक्षित ।
- विश्लेषणबाट मतदातालाई दलगत प्रतिबद्धता तथा आआफ्ना स्थानीय तहको वार्षिक नीतिमा उल्लेखित प्रतिबद्धताहरुको कार्यान्वयनको चिरफार गरी आगामि प्रतिनिधित्वको लागि बाटो प्रशस्त गर्न सहयोग पुग्ने विश्वास ।
- स्थानीय तहहरुले पनि आफ्नो कार्यकालमा सम्पन्न गरेका काम र उपलब्धीहरुको अभिलेखीकरण गरी मतदाताको प्रश्नको चित्तबुझ्दो जवाफ दिइ आफ्नो राजनैतिक वृति सुनिश्चित गर्ने र आफुलाई आगामी निर्वाचनका लागि दावी गर्नसक्ने आधार निर्माण ।

# प्रस्तुतिको आशय

- आगामी कार्यकालका लागि आउने जनप्रतिनिधिका लागि आँखा खोल्न सहायक ।
- स्थानीय सरकारलाई बलियो बनाउन र देख्न चाहने विकास साझेदार र संघसंस्थाका लागि आफ्नो सहयोगको क्षेत्र पहिल्याउने अवसर ।

## कसरी बित्यो त स्थानीय सरकारको ५ वर्ष ?

- **पहीलो वर्ष** — "नयाँ छौं, सिक्दै छौं ।" – (काम, कर्तब्य र अधिकार बुझ्ने )
- **दोस्रो वर्ष** — "क्यै पद्धति नै रहेनछ ।" – (नीति, कानून, कार्यविधि, संरचना तयारी)
- **तेस्रो वर्ष** — "सहयोग नै भएन "- (विना योजनाका पूर्वाधार, अनियन्त्रित खर्च, अनियमितता)
- **चौथो वर्ष** — "हामी लागि परेका छौं ।" – (पूर्वाधार विकास तथा सेवा प्रवाहमा गति ल्याउने प्रयास )
- **पाँचौं वर्ष** — "यो वर्ष त चुनाव नै भै गो नि" – (राजनैतिक आग्रह, पूर्वाग्रह )

# अबको बाटो



"गलत साबित हुँदा बुद्धिमानले सच्याउँछन, अज्ञानी तर्क जारी राख्छन ।" (When proven wrong, the wise ma(e)n will correct her(im)self and the ignorant will keep arguing- Ali Bin Abu Talib)

स्वशासन अध्ययन प्रतिष्ठान (INLOGOS) ले स्थानीय सरकार सवल बनाउने उदयममा सरकार र विकास साझेदार सँग सहकार्य गर्दै आएको छ ।

soprotection.com